# बाह्रविसे नगरपालिकाका नगर प्रमुख श्री बालकृष्ण बस्नेतद्धारा प्रस्तुत आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम

बाह्रविसे नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बाह्रविसे, सिन्धुपाल्चोक ।
२०८१।०३।०७

**सभामा उपस्थित सम्पूर्ण नगर सभा सदस्यज्यूहरु**

१.संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संघीय शासन व्यवस्थाको दोस्रो कार्यकालमा बाह्रविसे नगरपालिकाको नगर प्रमुखको हैसियतले बाह्रविसे नगरपालिकाको १५ औं नगर सभामा नीति तथा कार्यक्रम पेश गरि सम्वोधन गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागिएको छ ।

२.सभामा सर्व प्रथम राष्ट्रको रक्षा, शासन व्यवस्थाको परिवर्तनका लागि विभिन्न समयमा आफ्ना प्राण आहुती दिई मुलुक परिवर्तनमा लाग्नु भई सहिद भएका हरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते भइ अपाङ्गता हुनु भएकाहरुमा गहिरो सहानुभुती व्यक्त गर्दछु ।

**उपस्थित नगर सभासदस्यज्यूहरु,**

३.नेपालको संविधान २०७२, स्थानीय शासन सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४ लगाएतका सुशासन सँग जोडिएका ऐन कानुनको अधिनमा रही बाह्रविसे नगरपालिकाले सुशासनको क्षेत्रमा आफ्ना गतिविधिहरु सञ्चालन गरि नगरका स्थानीयको घरदैलोमा स्थानीय सरकार रहेको प्रत्याभुती हुने गरि कार्यहरु अगाडी वढाइएको छ ।

४.नगरपालिका क्षेत्र भर अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सवै बालवालिकाको पहुँचमा पुऱ्याउन कक्षा १२ सम्म निःशुल्क शिक्षा र कक्षा ६ देखि ८ कक्षा सम्म दिवा खाजाको कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

५.नगरबासीहरुको स्वास्थ्य क्षेत्रमा सहज पहुँच पुऱ्याउनको लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरि जनस्तरमा पुऱ्याउने कार्य अगाडी वढाइनेछ । साथै बाह्रविसे नगरपालिकाको प्राथामिक स्वास्थ्य केन्द्रलाई नगर अस्पताल सञ्चालनार्थ आवश्यक कार्यहरु अगाढी वढाइने छ ।

६.कृषि तथा पशुपालन कार्यक्रम तर्फः-

- १ वडामा १ फलफूल तथा तरकारी पकेट कार्यक्रम संचालन गर्न कृषकहरुलाई प्रोत्साहन र प्राविधिक सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।
- हिमाली आलूको उत्पादन तथा उपभोग बढाउन पकेट क्षेत्र निर्धारण गरी कृषक प्रोत्साहन र बजारीकरण गरिनेछ ।
- ट्राउट माछापालन प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- चौंरी संरक्षण कार्यक्रम संचालन गरी चौंरीजन्य उत्पादनहरुलाई बजारिकरण र प्रवर्द्धन गरिनेछ ।
- स्थानीय कृषि उपजहरुको सहज उपलव्धताको लागि कृषि हाटबजार सञ्चालन गरिनेछ । साथै कृषकहरुको उत्पादनलाई नगरपालिकाले संकलन गरि विक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- रैथाने वालिहरु,कोदो, जौ ,फापर, भटमास, मास, घैया धानहरुको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

**उपस्थित नगर सभासदस्यज्यूहरु,**

७.बालमैत्री स्थानीय शासन अवलम्वन तथा घोषणाका लागि आवश्यक आधारहरु निर्माणको लागि नगरपालिकाले आफ्ना कार्यक्रमहरु अगाडी वढाईनेछ ।

८.नगरपालिकास्तरीय योजना बाह्रविसे क्षमादेवी पदमार्ग(सिँढीबाटो) निर्माण कार्यलाई आगामी आ.व.०८१।०८२ मा पनि निरन्तरता दिइनेछ ।

९.महिला वालवालिका र अपाङ्गता भएका नागरिकहरुको लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०.बाह्रविसे नगरपालिका भौगोलिक हिसावले मौषम जन्य र आकस्मिक विपदका घटनाहरु वढी घट्न सकिने उच्च जोखिममा रहेको पालिका हो तसर्थ यसका लागि विपद व्यवस्थापन र विपदमा घर विहिन हुनेहरुको लागि आवास पुनर्निमाणको कार्यहरु अगाडी वढाइनेछ ।

११.कर्मचारीहरुको क्षमता विकासका कार्यक्रम र आन्तरिक पर्यटन प्रवर्द्धनको लागि जनप्रतिनिधि र कर्मचारीहरुको लागि पर्यटन काजको व्यवस्था मिलाइनेछ ।

१२. सामुदायिक महिला स्वास्थ्य स्वयंसेवीकाहरुले स्वास्थ्य क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।

१३. न्यायमा सरल र सहज पहूँचको स्थापना गर्दै स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायिक समिति मार्फत न्याय प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

१४.दलित समुदायको परम्परागत ज्ञान,सिप र पेशाको आधरामा आधुनिकिरण गरी जीविकोपार्जन सुधार गरिनेछ । जातीय परम्परामा आधारित ज्ञान,सिप प्रविधि र पेशालाई आधुनिकिरण गर्दै उद्योगका रुपमा विकास गर्न प्रोत्साहन गरिनेछ ।

१५.जेष्ठ नागरिक समाजका सम्पती हुन भन्ने मान्यतालाई आत्मसात गर्दै जेष्ठ नागरिकको ज्ञान,सिप अनुभवको पुस्तान्तरण एवं आत्मसम्मानका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६.सवैका लागि खेलकुदको अवसर प्रदान गर्न स्थानीयस्तरमा हुने खेलकुदलाई प्रोत्साहन गर्दै स्थानीयस्तरका खेलकुदका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७.बाँझो जग्गाको सदुपयोग गर्न प्रोत्साहन गर्दै बाँझो जमिनहरुमा सामुदायिक तथा करार खेतीमा आधारित एकीकृत कृषि प्रणालि मार्फत सामुहिक खेतीको विकास गर्न पहल गरिनेछ

**उपस्थित नगर सभासदस्यज्यूहरु,**

१८. बजार क्षेत्रमा सडक बत्ती तथा सि.सि.टि.भि जडान गरी नागरिकलाई सुरक्षित भएको प्रत्याभुति दिने कार्यहरु गरिनेछ ।

१९.विउ उत्पादनको पकेट क्षेत्र घोषणा गरि विउ उत्पादनमा आत्मनिर्भर बनाइने छ । उच्च मूल्य भएका चिया,कफि,अलैची, सुन्तलाको उत्पादन प्रवर्द्धनका लागि कृषकहरुलाई उत्प्रेरित गरिनेछ ।

२०.नगरस्तरीय नगरपालिकाबाट सञ्चालन हुने आयोजना/कार्यक्रमहरुको जनश्रमदान/जनसहभागीतादर १० प्रतिशतमा कायम गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२१.नगरपालिकाले स्थानीय सडक निर्माण गर्दा सडकमा गरिने ढलानमा फलामे डण्डीको प्रयोगलाई निरुत्साहीत गरिनेछ ।

२२.विगतमा लिएका नीतिहरुलाई निरन्तार दिइएको छ । नगरपालिकाले लिएका नीतिहरु स्रोत साधनको उपलव्धता अनुसार क्रमिक रुपमा पुरा गर्दै लागिने छ ।

२३.नगरपालिका भित्रका पर्यटकिय स्थलहरुको पहिचान गरि पर्यटकहरुको आवगमनमा बृद्धि गर्न प्रचार-प्रसारका कार्यहरुलाई वढावा गरिनेछ ।

२४.नगरको सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो र चुस्त पारदर्शि र सुशासन मैत्री वनाउन विद्युतिय शासनलाई प्रोत्साहन गरिनेछ । साथै सार्वजनिक सुनुवाई,सामाजिक परिक्षण,तेस्रो पक्ष मूल्याङ्कन जस्ता क्रियाकलापहरु गरिनेछ ।

२५.दिगो विकासका लक्ष्य २०१५ देखि २०३० सम्मका लक्ष्यहरुको सूचकहरुलाई आन्तिरिकिकरण गरिनेछ ।

२६.यस नगरपालिका क्षेत्रभित्रको फोहरमैलाको उचित व्यवस्थापन गर्न फोहरमैलाको संकलन,प्रशोधन पुनप्रयोग गर्न आवश्यक फोहरमैला विसर्जन केन्द्रको पहिचान गरि फोहरमैलाको व्यवस्थापन गरिनेछ ।

२७.आगामी आ.व.८१।०८२ मा नगरपालिकाको आवधिक योजना निर्माण,डिजिटल प्रोफाइल निर्माण मध्यकालिन खर्च संरचना लैगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण जस्ता कार्यहरु गरिनेछ ।

**उपस्थित सभासदस्यज्यूहरु**

२१.अन्तमा बाह्रविसे नगरपालिको सर्वाङ्गीण विकासमा योगदान पु¥याउने नगर सभा सदस्य तथा जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, सञ्चारकर्मीहरु नीजि क्षेत्र तथा नागरिक समाज, विकास निर्माणमा आफ्नो सिप र क्षमाता अनुसारको कार्य गर्ने श्रमिकहरु नगरबासी आमा-बुवा, दाजुभाई तथा दिदीवहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

बालकृष्ण वस्नेत
नगर प्रमुख

धन्यवाद ।